# पवित्र भाँडो बन्नुहोस्!

**Pastor S. James**

**June 30th, 2022**

*प्रार्थना*

*प्रभु तपाईलाई धन्यबाद ,धन्यबाद, धन्यबाद तपाईको कृपा तपाईको अनुग्रहको लागी धन्यबाद । तपाईको बचनलाई तपाईको सारा नाम भन्दा बढि महत्व दिएको छ ।आकाश र पृथ्वी बितेर जान्छ  तर तपाईको बचन कहिले पनि बितेर जादैन ।तपाईको बचन जीवन हो , सत्य हो त्यसकारणले पबित्र आत्मा मलाई तपाईको बचन बुझ्नलाई तपाईको बचनको प्रकास पाउनलाई र त्यसमा चल्नलाई अनुग्रह दिनुस् । त्यसको साथ साथै यो बचन द्वारा हामीलाई चगाँई र छुटकारा दिनुस् । येशुको नाममा बिन्ति गर्दछु, आमेन ।*

अन्तमा जब परमेश्वरको अगाडी खडा भएपछि एउटा मात्र प्रस्न हाम्रो जीवनमा महत्वपुर्ण हुन्छ । हामीले हाम्रो जीवनमा परमेश्वरको इच्छा पुरा गर्यौं कि गरेनौं ? परमेश्वरको वचनले संसारको मानिसहरुलाई दुई वटा भागमा बाखा र भेडा गरेर विभाजन गरेको छ । अन्तिम विभाजनमा बाखाहरु परमेश्वरको ईच्छा पालन नगर्नेहरु हुन् र भेडाहरु ति हुन् जसले परमेश्वरको इच्छा पालन गरे । इच्छा पालन गर्ने भेडाहरुमा पनि अलग अलग हुन्छ । परमेश्वरको इच्छाको ५ भाग छ ।पहिला भाग सबैको हो ,परमेश्वरको वचन सुने पछि पापको पश्चत्ताप गरेर, मन फिराएर, येशुको कामको माथि मात्र बिश्वास राख्नु पर्छ । यो हो पहिला भाग यहा बाट बाखा र भेडाको बिभाजन हुन्छ । १ पत्रुस ३:९मा यस्तो लेखेको छ । कसैको पनि नास नहोस् यो परमेश्वरको इच्छा हो । तर पनि मान्छेको नास हुनुको कारण एउटै हो, हामीले परमेश्वरको इच्छा पुरा गरेनौ । पहिला भाग पछि दोस्रो भागमा परमेश्वरको इच्छा हाम्रो पबित्रीकरण हो ।

थिसलोनिकी ४:३ [3] **परमेश्‍वर चाहनु हुन्छ तिमीहरू पवित्र जीवन बिताऊ अनि व्यभिचारबाट टाढो ब**

हामीहरु पबित्र जीवन जीउनु यो परमैश्वरको दोस्रो इच्छा हो । ब्यभिचार भनेको ठुलो शब्द हो । हामी सरीरमा ब्यभिचार गर्न सक्छौ ,मनमा ब्यभिचार गर्न सक्छौ , आत्मामा ब्यभिचार गर्न सक्छौ । यो संसार परमेश्वरको शत्रु हो ,यो संसार संग जोडिएर हिड्नुनै आत्मिक ब्यभिचार गर्नु हो । हामी परमेश्वरको शत्रु हुन्छौ । ब्यभिचार भन्ने बितिक्कै शारीरिक रुपमा मात्र हेर्नु हुदैन । संसार संग मिल्नु भनेको नै आत्मिक  अर्थात आत्मामा ब्यभिचार गर्नु हो । जसले उद्धार पाए , परमेश्वरको पहिलो इच्छा माने पछि परमेश्वरको दोस्रो इच्छा हाम्रो पबित्रकरण हो । पबित्र हुनको लागी हामी संसार संग र सांसारिक मान्छेहरु संग पुर्ण रुपमा अलग हुनुपर्छ । मान्छेहरु संसार संग अलग हुन मन गर्दैनन् संसारलाई प्रेम गर्छन् ,साथीहरु सबै सांसारिक हुन्छन्, संसारको बाटो , संसारको तरीका सबै लिएर हिडेको कारण पबित्रताको बाटोमा हिड्न सक्दैनन् । तेस्रो इच्छा हो सेवाकाई, तेस्रोलाई दोस्रो बनाउनु हुदैन । पबित्रता सेवाकाई भन्दा पहिला आउछ ।पबित्र नगरेको मान्छेलाई पनि परमेश्वरले उहाँको सेवाकाईको लागि चलाउनु हुन्छ । उदाहरणको लागी वचनमा लेखेको छ  एउटा माहान ब्यक्तिको घरमा धेरै पात्रहरु छन् आदरको निम्ति अनादरको निम्ति जो आफैलाई सुद्ध पार्छ त्यो परमेश्वरको हातमा आदरको पात्र हुन्छ । गिलासमा पानी पिउनको लागी पहिला हामी त्यो गिलासलाई धुन्छौ । दराजमा राखेको धेरै गिलासहरुमा जुन गिलास हामीलाई चाहिएको छ त्यसलाई हामी चलाउनु भन्दा पहिला धोएर साफ गर्छौ ।त्यसपछि मात्र त्यसको उपयोग गर्छौ । यसरीनै परमेश्वरले पनि १० पात्र उता छ होइन भने १२ पात्र उता छ, एउटा पात्र युसुफलाई मात्र उनीहरु बाट निकाल्नु भयो उसको दाजुहरुलाइ निकाल्नु भएन किनकी उनीहरु संसार देखी अलग भएनन् ।युसुफलाइ १३ साल लगाएर पबित्र गराउनु भएपछि उहाँको महिमाको लागी चलाउनु भयो । आदरको पात्र बनाउनको लागि त्यस पात्रलाई परमेश्वरले कुटुम्ब देखि अलग गर्नुहुन्छ । यदि हामी हाम्रो शारीरिक रुपमा ,मनमा ,प्राणमा, सांसारिक भाबनामा सांसारिक इच्छा ,सांसारिक मायाजस्ता कुरामा अलग हुनुपर्छ । किन मान्छेहरु अलग हुनको लागी डराउछन् ? मान्छेहरु किन अलग हुन नमान्नुको कारण मान्छे डराउछन् ।अलग हुदा उनीहरुको सुरक्षा गएको जस्तो लाग्छ । मान्छेहरु समुहमा चल्दा ढुक्कले चल्छन्,जब उनीहरु एक्लै चल्दा उनीहरु लाई डर लाग्छ । डर नै हो मुख्य जड जब सम्म हामी डरको माथि जित्दैनौ तब सम्म हामी संसार देखी अलग हुन सक्दैनौ । सबै संसारमा भएका मान्छेहरुले दुई वटा कुरा आफ्नो जीवनमा खोज्छन् एउटा सुरक्षा र अर्को आराम । परमेश्वर एउटा सुरक्षा दिनुहुन्छ अनि संसार पनि एउटा सुरक्षा दिन्छ । संसारले दिने सुरक्षा कमाराको रुपमा दिने सुरक्षा हो, परमेश्वरले दिने सुरक्षा छोरा छोरीको रुपमा पाउने सुरक्षा हो । त्यो सुरक्षाको लागी यस संसारमा लडाई गर्नु पर्छ । संसारको सुरक्षा पाउनको लागी लडाइ गर्नु पर्दैन मात्र कमाराको रुपमा संसारको मालिकहरुको सेवा गरेमा सुरक्षा पाउछ ।इजरायलको लागी मिश्र देसमा एउटा सुरक्षा थियो । मासु ,लसुन ,काक्रो, सबै थियो त्यसको साथ साथै कमारा पनि थिए । कमाराले मिश्र देसको काम गर्दा मासु पाउछ त्यो पनि एउटा कमाराको सुरक्षा हो । फारो भनेको एउटा सैतानको

प्रतिरुप हो फारोको हुकुम मानेर काम गर्यो भने एउटा सुरक्षा पाउछ । इजरायलको लागी परमेश्वरले आफ्नो छोरा छोरीको रुपमा प्रतिज्ञाको देशमा एउटा सुरक्षा दिनुहुदैछ । त्यो सुरक्षा पाउनको लागी लडाइ गर्नुपर्छ ।

गन्ती १३:२७*27* तिनीहरूले मोशालाई भने, “हामीलाई तपाईंले पठाउनु भएको भूमिमा गयौं। साँच्चै नै यो भूमि दूध र मह बगिरहेको भूमि रहेछ। अनि त्यस भूमिबाट हामीले ल्याएको फलहरू यी नै हुन्।

*28* जो मानिसहरू त्यस भूमिमा बसेकाछन् तिनीहरू बलिया छन् अनि शहरहरू अत्यन्तै विशाल र पर्खालले घेरिएका छन्। त्यहाँ हामीले अनाकको सन्तानहरू अनाकीहरूलाई पनि देख्यौं।

*29* नेगेव भूमिमा अमालेकीहरूले बसो-बास गरेको पायौं भने पहाडी क्षेत्रमा हित्ती, यबूसी अनि एमोरीहरू, अनि समुद्रको किनार र यर्दन नदीको किनारमा कनानीहरू बसो-बास गर्दा रहेछन्।”

*30* त्यसपछि कालेबले मोशाकै नजीक मानिसहरूलाई शान्त गराएर भने, “हामी त्यहाँ तुरून्त जानु पर्छ र यसलाई लिनु पर्छ। किनभने निश्चय नै त्यसमाथि हामीले विजय हासील गर्नेछौं।

*31* तर मानिसहरू जो ऊसित गएका थिए भने, “तिनीहरू माथि आक्रमण गर्नु हामी सक्षम हुने छैनौं किनभने तिनीहरू हामी भन्दा बलिया छन्।”

*32* यसकारण तिनीहरूले त्यस भूमिको विषयमा खोजी गरेर नैराश्यपूर्ण वृतान्त इस्राएली मानिसहरूको निम्ति ल्याएका थिए। तिनीहरूले भने, “त्यस भूमिमा धेरै बलिया बलिया मानिसहरू रहेछन् र त्यस भूमिमा जाने कुनै पनि मानिसहरूलाई तिनीहरूले सजिलै जित्न सक्छन्।

*33* हामीले त्यहाँ नपीलीहरू अनाकका सन्तान जसबाटलाई देख्यौ र तिनीहरूले हामीलाई मसिनो फट्यांग्राहरूलाई झैं हेरे। साँच्चै तिनीहरूको सामुन्ने हामी फट्यांग्राहरू झैं लाग्थ्यौं।”

यो पद अनुसार इजरायलीहरुले लडाइ गर्नु भन्दा अगाडीनै उनीहरुको मनमा डरको कारण लडाई गर्नु भन्दा पहिले नै हारीसके । इजरायलीहरु सारीरिक रुपमा मिश्र देश देखि निक्ले पनि मनमा उनीहरु निक्लेका छैनन् । देश त मोसाले भनेको जस्तै दुध र मह बग्ने हो , र पनि त्यसको लागी एउटा लडाई छ त्यो लड्नु पर्छ अनी मात्र पाउछ । लडाई गर्न तयारी छ तरपनि मनमा ,भाबनामा हारे ।

गन्ती १४:१-3 बै मानिसहरू छाउनीभित्र त्यस रातभरि कराई कराई रोइ रहे।

*2* इस्राएलका सबै मानिसहरूले मोशा र हारूनको विरूद्धमा गनगनाए। सबै मानिसहरूले तिनीहरूलाई भने, “यदि हामी मिश्रदेशमा नै अर्थात् यो मरूभूमिमा मरेको भए राम्रो हुनेथियो।

*3* किन परमप्रभुले हामीलाई लडाईमा तरवारले काटी मार्न त्यस भूमिमा लैजानु हुँदैछ? हाम्रा जहान बालबच्चाहरू पनि लूटिने समान झैं लूटमा पक्रा पर्नेछन्। हामीलाई मिश्र देशमा फर्किनु नै असल हुन्छ।”

इजरायलीहरुले आफ्नो मनमा , भावनामा लडाइ हारेको कारणले प्राणमा लडाई नगरी कनै परमेश्वरको बिरुद्धमा गए । किनभने उनीहरु पबित्रताको बाटोमा जान सकेनन् । दास्रो पुस्ता

यहोशु२१:४२*43* यसरी परमप्रभुले प्रतिज्ञा गर्नु भयो जो उहाँले इस्राएलका मानिसहरूलाई दिनु भन्नुभएको थियो। उहाँले मानिसहरूलाई सबै भूमि दिनुभयो जो उहाँले प्रतिज्ञा गर्नु भएको थियो। मानिसहरूले भूमि लिए अनि त्यहाँ बसे।

*44* अनि परमप्रभुले तिनीहरूलाई, उहाँले तिनीहरूका अगुवाहरूसित प्रतिज्ञा गर्नु भए जस्तै, आफ्नो भूमिका चारैतिर शान्ति प्रदान गर्नदिनु भयो। तिनीहरूका कुनै पनि शत्रुहरूले तिनीहरूलाई परास्त गरेनन्। परमप्रभुले इस्राएलका मानिसहरूलाई हरेक शत्रुलाई परास्त गर्न दिनुभयो।

*45* परमप्रभुले हरेक प्रतिज्ञा पूर्ण गर्नुभयो जो उहाँले इस्राएलका मानिसहरू प्रति गर्नु भएको थियो। त्यहाँ कुनै पनि प्रतिज्ञाहरू बाँकी रहेनन् जसलाई पूर्ण गर्न चुक्नु भयो। प्रत्येक प्रतिज्ञा सत्य हुन आयो।

तिनीहरु मनमा डराएनन् ,तिनीहरु लडाई गर्नको लागि तयार थिए । परमेश्वरको एउटा इच्छा छ त्यो इच्छाको लागी लडाई गर्नको लागी हामी तयार हुनुपर्छ । डरको आत्मा पर्यो भने मान्छे कहिल्यै अगाडी बढ्नसक्दैन । यो डर मान्छे पापमा गिर्दा खेरी सुरु भएको हो उत्पति ३ अध्यायमा पढ्दा खेरी जब मान्छे पापमा गिरे अनी परमेश्वर बाट लुके त्यसपछि जब परमेश्वर उनीहरु संग बोल्दाखेरी मान्छेले परमेश्वर संग के भने ।

उत्पति ३:१० *10* तब त्यस पुरुष मानिसले उत्तर दियो, “तपाईको आवाज मैले बगैंचा भित्र चाल पाएँ र म नाङ्गैं रहेको हुँदा डराएँ र म लुकें।”

मान्छे डराए ,डरले मान्छेलाई असुरक्षा प्रधान गर्छ । त्यसकारणले गर्दा परमेश्वरले इजरायलीहरुको मनलाई सुरक्षा दिन र दह्रिलो बनाउनको लागी  मिश्र देश बाट निकालेर ल्याउनु भन्दा पहिला मिश्र देशमा नै माहान र चमत्कारको काम गर्नुभयो ।परमेशव्रले यो भन्न चाहनु भयो यो संसारको भगवानहरु संग नडरा म नै हु शक्तिमान परमेश्वर भनेर १० अचम्मको काम गर्नुभयो । कारण तिनीहरु संग शक्ति छ तरपरमेश्वर संग पुरा शक्ति छ ।

प्रस्थान १२:४१ [40] इस्राएली मानिसहरू 430 वर्षसम्म मिश्रमा बसे।
[41] ठीक 430 वर्षपछि परमप्रभुका समस्त सेनाहरू मिश्रबाट गए

हेर्दा खेरी इजरायलीहरु डरपोक हो र पनि तिनीहरु परमेश्वरको सेना हुन् । परमेश्वरलाई थाहाँ छ तिनीहरु परमेश्वरको सेना भएर पनि तिनीहरुलाई डरको आत्माले पक्रेको छ ।परमेश्वर तिनीहरुलाई यसरी भन्नुहुन्छ ।

*17* फिरऊनले मानिसहरूलाई छोडन लगाए। परमप्रभुले मानिसहरूलाई पलिश्तीहरूको भूमिको बाटो जानु दिनु भएन। समुद्रकोबाटो सब भन्दा छोटो छ तर परमप्रभुले भन्नुभयो, “यदि मानिसहरू त्यो बाटो जान्छन् भने तिनीहरूले लडाइँ गर्नु पर्नेछ। यस्तो हुँदा तिनीहरूको मन विचार बदलन सक्छ अनि मिश्रमा नै फर्किएर जानेछन्।”
*18* यसकारण परमप्रभुले तिनीहरूलाई अर्को बाटोबाट समुद्र किनाराहुँदै मरूभुमिको बाटो लानु भयो। इस्राएली मानिसहरू मिश्रबाट बाहिर निस्कदा युद्धको पोशाकमा थि

तिनीहरुले लडाई देख्यो भने मिश्र देशमा नै फर्केर जान्छन् ,र दासत्वमा नै बस्छन् । त्यसैले परमेश्वरले तिनीहरुलाई छोटो बाटो बाट लानुभएन तिनीहरुलाई लामो बाटोबाट लैजानु भयो । कहिले काहिँ हामी समस्यामा पर्दा ,हामी डरपोक भएको कारण फेरी त्यहि संसारमा फर्केर जान्छौ भनेर परमेश्वरले हामीलाई  छिटो हुने बाटोमा नलगीकन लामो बाटो बाट लैजानु हुन्छ । जब तिनीहरुलाई लामो बाटो बाट लैजादै गर्दा खेरी के हुन्छ ?

प्रस्थान१४:८-१२[8] इस्राएलका मानिसहरू निडर साथ बढिरहेका थिए, तर परमप्रभुले फिरऊनलाई अट्टेरी बनाइ दिनु भयो, यसर्थ उसले इस्राएलीहरूलाई खेद्यो।
[9] मिश्री फौजसित धेरै घोडा, सेना अनि रथहरू थिए। तिनीहरूले इस्राएलीहरूलाई खेदे र लाल समुद्रको नजिक बालसिपोनमा जहाँ तिनीहरूले छाउनी लगाएका थिए तिनीहरूलाई पक्रे।
[10] इस्राएलीले फिरऊनलाई उसका मिश्रदेशीहरूसित आउँदै गरेको देखे। तिनीहरू साह्रै डराएका थिए अनि तिनीहरूले परमप्रभुलाई गुहार मागे।
[11] तिनीहरूले मोशालाई भने, “तिमीले हामीहरूलाई मिश्रबाहिर किन ल्यायौ? मिश्रमा के धेरै चिहानहरू थिएनन्? किन? तिमीले हामीलाई मरूभूमिमा मार्न ल्यायौं।
[12] हामीले मिश्रमा तिमीलाई भनेका थियौं “यस्तो परी आउनेछ। ‘मिश्रमा हामीले भनेका थियौ कि हाम्रो चिन्ता नगर्नु होस्।’ हामीलाई मिश्रमा बस्न दिनुहोस र मिश्र वासीहरूको सेवा गर्न देऊ। यसरी मरूभूमिमा आएर मर्नु भन्दा त त्यही बसी कमारा-कमारी हुनु नै असल थियो।”

धेरै मानिसहरु समस्या,दबाब, तनाब सम्हालन सक्दैनन् । पुत्रको श्वतन्त्रतामा चल्नको लागि मिश्र देशको शत्रुहरुको बिरुद्धमा लडाई गर्न को लागी तयार हुनुपर्छ । नत्र भने जब हामी लडाइ र समस्या देख्छौ हामी भन्छौ म मिश्र देशमा नै फर्केर जान्छु र उनीहरुको सेवाकाइ गर्छु हामी हार खान्छौ र भन्छौ म सक्दिन । प्रभु हामीलाइ पबित्रकरण गर्न सक्नुहुन्न जब सम्म हामी श्वयम आफुलाई मिश्र देश देखि निकाल्दैनौ । जब परमेश्वले इजरायलीहरुलाई लाल समुन्द्रलाई दुई भाग गरेर पार तारीसकेपछि मिश्र देशका सेनाहरुलाई परमेश्वरले लाल समुन्द्रको पानी खोल्देर नास पार्नुभयो ।शत्रुहरु मरेपछि इजरायलीहरु हास्यो, नाच्यो डरको आत्मा गयो ।

प्रस्थान१५:२२ *22* मोशाले इस्राएलीहरूलाई लाल समुद्रदेखि शूरको मरूभूमितिर डोर्याउने गरे। तिनीहरू मरूभूमिमा तीन दिनसम्म यात्रा गरे।
तिनीहरूले पिउने पानी कतै भेटेनन्।*23* तीन दिनपछि ती मानिसहरू मारामा आइपुगे। मारामा पानी त थियो तर पिउँन नसकिने तीतो थियो।

(यसकारण मानिसहरूले त्यस ठाउँको नाउँ मारा राखे।)24 मानिसहरू मोशासित गुनासो पोख्न थाले। मानिसहरूले भने, "अब हामीहरूले के पिउने छौं?"

डरको आत्मा खतम भएपछि जब उनीहरुको जीवनमा आरामको आत्मा आयो त्यसपछि उनीहरु गनगनाउन सुरु गरे । उनीहरुले पानी पिउन पाएनन् भन्दा पनि उनीहरुलाई पानीको स्वाद भएन भनेर गनगन गरे ।

प्रस्थान १६:१-३ सपछि ती मानिसहरूले एलीमबाट यात्रा शुरू गरेर एलीम र सीन बीचको सीनै मरूभूमिमा आइपुगे। तिनीहरू त्यस स्थानमा मिश्र देश छोडेको दोस्रो महीनाको पन्ध्रौं दिनमा आइपुगे।
[2]इस्राएलका मानिसहरू फेरि गुनासो गर्न थाले। मानिसहरूले मरूभूमिमा मोशा र हारूनको विरूद्ध गुनासो गरे।
[3]मानिसहरूले भने, "यदि परमप्रभुले हामीलाई मिश्र देशमा नै मर्न दिनु भएको भए राम्रो हुने थियो त्यहाँ हामीलाई खानलाई प्रशस्त अन्न थियो। जे होस त्यहाँ हाम्रो निम्ति हामीले मागेको प्रशस्त खाने कुरो थियो। हामीलाई आवश्यक परेका सबै खाध्यहरू थिए तर अहिले तिमीहरूले हामीहरूलाई यहाँ मरूभूमिमा ल्यायौ अब हामी भोकैले मर्ने भयौं।"[4]त्यसपछि परमप्रभुले मोशालाई भन्नुभयो, "म तिमीहरूको निम्ति खाध्य आकाशबाट झारी दिन्छु। त्यो खाध्य तिमीहरूको निम्ति हुनेछ अनि प्रत्येक दिन मानिसहरू बाहिर जान्छन् र आफूलाई चाहिएको खाध्य बटुलेर ल्याउँछन्। मैले मानिसहरूलाई भनेको कुरो गर्छन् अथवा गर्दैनन् त्यो बुझ्नको निम्ति म त्यसो गर्छु।

तिनीहरुले पानीको लागि मात्र नभएर खानाको लागि पनि गनगनाउन लागे ।

प्रस्थान १२:३८ 38 तिनीहरूसित धेरै भेडा, बाख्रा गाई-वस्तु र अरू चीजहरू थिए। तिनीहरूसित अन्य धेरै थरिका मानिसहरू यात्रा गरिरहेका थिए।

यहाँ धेरै थरिका मानिसहरुलाई मिश्रण गरेको छ। यिनीहरुले हो गनगन गर्न सुरु गरेको

गन्ती ११:४,५ [4]इस्राएलीहरूसंग रहेको विदेशीहरूको एउटा दलले मासु खान साह्रै इच्छा गरे चाडै सबै इस्राएली मानिसहरूले पनि मासुको लागि गनगनाउन थाले। ती मानिसहरूले विलाप गरेर भने, "हामीलाई मासु खानु कसले देला?"

खाना नभएको कारणले गर्दा गनगन गरेको होइन मासु नभएको कारणले गर्दा गनगन गरे ।तिनीहरु शारीरिक रुपमा अलग भएपनि प्राणमा मिश्र देश देखी अलग भएकै थिएनन् ।जे भएपनि मिश्र देशकै कुरा गर्थे। यस्तै आज म०डलिहरुमा पनि हुन्छ। अन्तको दिनमा दानीयलले नबुकदनेश्वरको स्वप्नको उल्था गर्दा खेरी उसले भन्यो अन्तमा खुट्टा फलाम र माटोको मिश्रण हुन्छ ,त्यसरीनै संसारमा मात्र होइन म०डली पनि मिश्रण भएको छ। फलाम र माटो , मिश्री र इजरायली, संसार र परमेश्वरको राज्यको मिश्रण भएको छ। यो परमेश्वरको अगाडी चल्दैन। आज हामी पनि समस्या आउदा खेरी हाम्रो मन परमेश्वरको बचनमा जान्छ कि इजरायली जस्तै मिश्र देशमा अर्थात संसारको सिद्धान्त, संसारको बाटो ,संसारको कुरामा जान्छ ? येशुको जीवनमा पनि जब उहाँ ४० दिन उपवास बस्दा खेरी उहाँलाई पनि परिक्षा आयो तपाई परमेश्वरको पुत्र हो भने यो ढुङगा लाई रोटि बनाउनु भन्दा येशु मिश्र देशमा जानुभएन येशु परमेश्वरको बचनमा जानुभयो र बचनमा यस्तो लेखेको छ भनेर भन्नुभयो ।यसरी बचन बाट सैतान संग लड्नु भयो। अनिमात्र हामीलाई थाहाँ हुन्छ कि हामी हाम्रो बिचार धारामा हाम्रो भाबनामा पनि अलग भएका छौ। तर यिनीहरु भएका थिएनन् ।

[5]हामीले मिश्रमा हुँदा बिना मूल्य माछा खाएको सम्झना आँउछ। साग-पातहरू, काँक्रा, खरबुजा, हरियो साग सब्जी, प्याज अनि लसूनहरूको सम्झना आँउछ।

यिनीहरुले मिश्र देशका खाना सम्झन्छन् ,हामी के सम्झना गर्छौ ? यिनीहरुलाई मिश्र देशको जब मिश्र देशमा १० बिपत्ति आउदा उनीहरुलाई परमेश्वरले कसरी बचाउनु भयो त्यो तिनीहरुले याद गरेनन् ।तिनीहरुले परमेश्वरले गर्नुभएको करुणा भन्दा मिश्र देशमा खाएको कुरा याद गरे । उनीहरुले भने हामीले सित्तैमा खाएका थियौ कमारा हरुले सित्तैमा खादैनन् उनीहरुलेमिश्र देशमा गरेको मिहेनत बिर्से । त्यसैकारणले हामी सारीरिक रुपमा मात्र नभएर हाम्रो मनको बिचारमा पनि परमेश्वरको बचन अनुसार अलग हुनु पर्छ ।

[6] तर अहिले हामीले भोक नै हरायौं। मन्न बाहेक केही खानेकुरा देख्दैनौं।"

इजरायलीहरुले यति सम्म गनगन गरे उनीहरुले परमेश्वरले दिएको मन्नलाइ भोक हरायो भनेर भने त्यति मात्र होइन मन्न खान मात्र होइन मन्न देख्नलाइ पनि उनीहरुलाइ समस्या भयो । परमेश्वरले दिएको मन्नमा तागत र कहिले बिमार नहुने सक्ति हुदा हुदै पनि उनीहरुको मन्न देख्दा पनि रुची हरायो भनेर भने ।

गन्ती २१:५ [5] मानिसहरूले परमेश्वर र मोशाको विरोधमा कुरा गरे। तिनीहरूले भने, "यो मरूभूमिमा मर्नुको निम्ति किन हामीलाई मिश्र देशबाट ल्याइयो? कारण यहाँ न त पानी छ न रोटी। तुच्छ खाना अथवा रोटी खाँदा खाँदा वाक्क भई सक्यो।"

इजरायलीहरुले मन्नाको बारेमा तुच्छ भनेर भने । सुरक्षा र आरामको बिचमा धेरै जना लड्छन् । तिनीहरु संग खाना थियो पानी थियो ।तिनीहरुले मिश्र देशमा के के पिउथे त्यो कुराहरु उजाड स्थानमा थिएन त्यहाँ त पिउनको लागी पानी मात्र थियो । उनीहरुको बिचमा रोग थिएन, कोहि पनि दुर्वल थिएन ।तर पनि उनीहरुले आराम,आनन्द खाजेर गनगन गरे । जो मान्छे आराम , र संसारिक सान्ति खोज्छ त्यो मान्छे प्रभुको पबित्रतामा अगाडी बढ्न सक्दैन । पहिला शारीरिक रुपमा पबित्रतामा र दोस्रोमा हाम्रो मनमा हाम्रो प्राणमा पबित्रता हुनुपर्छ । परमेश्वरको कुराहरुमा हाम्रो मन अर्थात रुचि हुनुपर्छ । हाम्रो रुची पहिला फिल्मको गाना सुन्ने थियो भने जब प्रभुको आत्माले छोए पछि अब ति सबै छोडेर प्रभुको गानामा हुनु पर्छ । संसारको किताब पढ्ने बानी थियोभने अब परमेश्वरको आत्मिक किताब पढ्नु पर्छ । यदि एउटा स्त्री हो भने सांसारिकतरीकाको कपडा छोडेरआत्मिक तरिकाको कपडा लगाउनु पर्छ । पिउने र खराब खाने बानी थियो भने छोडेर स्वास्थ्य बर्दक चिज पिउने र खाने गर्नुपर्छ । परमेश्वरलेउजाड स्थानमा इजरायलीहरुलाई उनीहरुको रुची बदल्नको लागि उनीहरुलाइ ब्यबस्था दिनुभयो । मान्छेहरु परमेश्वरको वचन धेरै लामो सुन्न सक्दैन तर सिनेमा त जति लामो पनि हेर्न सक्छ किनकी हाम्रो रुची बदलेको छैन । हामी परमेश्वरको कुरा मन पराउन सिक्नु पर्छ यदियहाँ परमेश्वरको कुरा मन परेन भने श्वर्गमा गएर त्यहाँको कुरा केहिपनि मन प्रदैन । किनकी श्वर्ग त आत्मिक हो त्यहाँ त परमेश्वर बस्नुहुन्छ । किन इजरायलको पहिलो पुस्ता किन उजाड स्थानमा नै मरेको ? किनभनेतिनीहरुले पबित्रकरण्न हुन मानेनन् ।

१ यहुन्ना २:१२-१४ 12 प्रिय बालकहरु, म तिमीहरुलाई लेख्छु, किनभने तिमीहरुका पापहरु ख्रीष्टद्वारा क्षमा गरिएका छन्।

13 पिताहरु, म तिमीहरुलाई लेखिरहेछु, किनभने तिमीहरु उहाँलाई चिन्दछौ, जो शुरुदेखि असित्वमा हुनुहुन्छ। युवा मानिसहरु, म

तिमीहरुलाई लेख्दैछु किनभने तिमीहरुले दुष्टलाई परास्त गरेका छौ।

14 बालकहरु, म तिमीहरुलाई लेख्दैछु, किनभने तिमीहरु पितालाई चिन्दछौ। पिताहरु, म तिमीहरुलाई लेख्दैछु, किनभने तिमीहरु उहाँलाई

चिन्छौ जो शुरुदेखि अस्तित्वमा हुनुहुन्छ। युवा मानिसहरु, म तिमीहरुलाई लेख्दैछु किनभने तिमीहरु बलियो छौ, अनि परमेश्वरको वचन

तिमीहरुमा बस्छ अनि तिमीहरुले दुष्टलाई परास्त गरेका छौ।

यहाँ तिन किसिमका मान्छेहरु छन् , साना बालकहरु , युवाहरु , पिताहरु , यस मध्यमा उजाड स्थानका इजरायलीहरु साना बालकहरु जस्ता थिए । उनीहरु कहिले पनि आत्मिक रुपमा अगाडी बढ्न सकेनन् । उनीहरुको मन र भाबना मिश्र देशले पक्रेर राखेको छ । उनीहरु आत्मिक युवा को रुपमा दुष्टको माथी जित्न सकेनन् । मन्ना मन प्रदैन , पानी मन प्रदैन, अगुवा मोसा मन प्रदैन , परमेश्वरको आज्ञा मन प्रदैन । त्यस्तै गरी आजको म०डली पनि त्यस्तै भएको छ । आज म०डलीमा आउनेहरुले पनि त्यस्तै सुरक्षा , आराम खोजेरजान्छन् । उद्धारको उदेस्य के हो? मान्छेलाइ थाहाँ छैन । मान्छेको लागी उद्धारको उदेस्य भन्नाले नरकमा नजानु श्वर्गमा जानु हो । तर वास्तबमा उद्धारको उदेस्य त्यो होइन हामीलाइ परमेश्वरले के को निम्ति र कसको निम्ति उद्धार दिएको वास्तबमा परमैश्वरले उहाँ स्वयमको निम्ती हामीलाइ उद्धार दिनुभएको हो । परमेश्वरले हामी संग के खोज्नु हुन्छ ? उहाँले हामी संग उहाँ र हाम्रो बिचको सम्भन्ध खोज्नुभएको । त्यसैले उहाँले हामीलाइ उद्धार दिनुभएको हो । त्यो सम्भन्ध भएको कारणले उहाँ जस्तै पबित्र हुनको लागी परमेश्वरले हामिलाई बोलाउनु हुन्छ । यदि हामीले परमेश्वरले हामीलाई किन पबित्र हुनको लागी बोलाउनु भयो हामीले बुझेनौ भने हामी पवित्रतामा हिड्न सक्दैनौ ।

१पत्रुस १:१३-१६ [13] यसर्थ सेवाको निम्ति मनलाई तयार पार अनि आत्म-नियन्त्रण गर। तिमीहरुले अनुग्रहकोलागि आशा गर्नु पर्छ जुन तिमीहरुलाई दिइनेछ, जब येशू ख्रीष्ट आउनु हुन्छ।
[14] विगतमा तिमीहरुले यस विषयमा बुझेनौ, यसर्थ तिमीहरू नराम्रा कुराहरुले डोर्याइएका थियौ। तर अहिले तिमीहरु परमेश्वरका आज्ञाकारी बालकहरु हौ। यसर्थ बितेको समययमा जसरी बाँचेका थियौ, त्यसरी नबाँच.

[15] तर परमेश्वर जस्तै पवित्र होऊ अनि तिमीहरुले गर्ने सबै कुरामा पवित्र बन। परमेश्वर एक हुनुहुन्छ जसले तिमीहरुलाई बोलाउनुभयो।
[16] यो धर्मशास्त्रमा लेखिएको छ, "पवित्र बन, किनभने म पवित्र

परमेश्वर पबित्र हुनुहुन्छ ,त्यसैले हामी पनि पबित्र हुनुपर्छ ।

हिब्रु १२:१४ [14] सबैसित शान्तिपूर्वक बस्ने कोशिश गर अनि पापदेखि मुक्त जीवन बिताऊ। यदि कसैको जीवन पवित्र छैन भने उसले प्रभुलाई देख्नेछैन।

यहुन्ना १४:६ [6] येशूले भन्नुभयो, "म नै बाटो हुँ, सत्य र जीवन म नै हुँ। पिताकोमा जाने माध्यम हुँ।

येशु हामीलाई पिता संग लिएर जानको लागि आउनुभएको हो । पबित्रताको बिना पितालाई  कोहि पनि देख्न सक्दैन ।

व्यबस्थाको ६:४ [4] "हे इस्राएली, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ।

तिमीहरुको परमेश्वर एउटै हुनुहुन्छ को मतलब पिता, पुत्र, पबित्र आत्मा एक हो । त्यसैले परमेश्वरले पनि हामी संग त्यहि एकता माग्नु भएको  हो ।

व्यबस्था ६:५ [5] तिमीहरूले आफ्नो सम्पूर्ण शक्ति, सम्पूर्ण प्राण र सम्पूर्ण हृदयले परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्नु पर्छ।

जसरी पिता ,पुत्र, पबित्र आत्मा एक हुनुहुन्छ त्यसरी नै हाम्रो सारा आत्मा ,प्राण, र सारा समझले परमेश्वरलाई प्रेम गर्नु पर्छ । यहि हो हाम्रो उद्धारको अन्तको उदेस्य हाम्रो सारा प्राण ,शरीर, र आत्माको एकतामा परमेश्वरलाई प्रेम गर्नु हो ।

एफिसी ५:३१-३२ [31] धर्मशास्त्रले भन्छ, "त्यसैले मानिसले आफ्ना माता-पितालाई छोडद्छ र आफ्नो पत्नीसित मिल्दछ र ती दुई एक हुन्छन्।"
[32] यो गुप्त सत्यता खुबै महत्वपूर्ण छ। मलाई लाग्छ यसको अभिप्राय ख्रीष्ट र मण्डीसित छ।

पहिला छोड्नु पर्छ अनि छोडेपछि जोड्नु पर्छ । जब सम्म संसारको थोकलाई छोड्न सक्दैन परमेश्वर संग जुड्न सक्दैन । सेवाकाईमा तुरुन्तै जानुहुदैन सेवाकाईमा जानु भन्दा पहिला पबित्रताको बाटोमा हिड्न जरुरी छ । पबित्रकरण को दुईवटा भाग छन् । यो एउटा बिवाह जस्तै हो । बिवाह भएपछि पुरुष आफ्नै आमा बाबा लाई छोड्नु पर्छ अनि त्यसपछि श्रीमती

संग जोड्नु पर्छ । श्रीमतिको रुपमा मण्डलि हो त्यसैले संसारलाई छोडेर येशु संग जोडेर एक हुनुपर्छ । पबित्रकरण एउटा सडक (रोड) हो । यो एकै चाटि पुरा गर्न सकिदैन जीवन भरि यसमा हिडिनैरहनु पर्छ । उजाड स्थानमा मानिसहरुले उनिहरुको समस्या मात्र हेरे तर परमेश्वरको उदेस्य हेरेनन् । परमेश्वरले प्रतिज्ञाको देशमा जानु अगाडी इस्रायलीहरुलाई मिश्र देशको सबै कुरा निकाल्नको लागी उजाड स्थनमा लिएर जानु भयो । यदि हाम्रो मन इच्छा पनि परमेश्वरको तर्फ होईन भने हाम्रो यो जीवनको यात्रामा इस्रायलीहरु जस्तै हामी पनि गनगनाएर हिड्छौ । हामीलाई पनि थाहाँ हुदैन किन हाम्रो जीवनमा समस्या आएको । युसुफ १३ शाल पोतिफरको घरमा जेलमा हुदा पनि युसुफले गनगनाएनन् ,किनभने युसुफलाई थाहाँ थियो परमेश्वर उ संगै हुनुहुन्छ र उसलाई पबित्रताको बाटोमा लैजादै हुनुहुन्छ । तर इस्रायलीहरु संग परमेश्वर हुदा हुदै पनि उनीहरुले परमेश्वरको उपस्थिति थाहाँ गर्न सकेनन् । हामिले बुझ्न जरुरी छ हाम्रो जीवनमा पहिला जिवनको बाटो , त्यसपछि पत्रिकरणको बाटो यो बाटो अतिनै सागुरो छ जसले गर्दा हिड्न अतिनै गाह्रो छ । पाष्टरहरुको मुख्य उदेस्य के हो ? मान्छेहरुलाई संसारको कुईच्छा ,संसारको थोक संसारको चिन्ता बाट निकालेर उनीहरुको मन बदलेर परमेश्वरको इच्छाको तर्फ लैजानु हो । यदि हामी संसारको कुराहरु सिकाउछौ भने फेरी फर्काएर मिश्र देश लिएर गएको जतिकै हो । हामीले मान्छेहरुलाई मिश्र देश बाट निकालेर श्वर्गको और लिएर जानु पर्छ । अनी उनीहरुले मारनाथा भनेर भन्छन् ।मारनथाको अर्थ हो हे मेरो  प्रभु आउनुस् भनेको हो । मेरो दुलहा आउदै हुनुहुन्छ म त्यसको लागी तयारीमा छु को मतलब मेरो इच्छा बदलियो । यो संसार इस्रयलिहरुलाई प्रतिज्ञाको देशमा लानु अघिको मरभुमि जतिकै हो । जाहाँ हामीलाई येशु संग भेट गर्न अर्थात श्वर्ग जानको लागी पबित्रताको जिबनको लागी तयारी गरिन्छ । परमेश्वरले इस्रायलीहरुलाइ प्रतिज्ञाको देशमा लानको लागी केहि कुराहरु सिकाउदै गर्दा  इस्रायलिहरुले परमेश्वरको उदेस्यलाइ बुझ्नै सकेनन् । र उनीहरुले गनगनाए र भने यो सधै एउटै खाना मन्न खाएर हाम्रो खानाको रुची हरायो भने अनि मासु मागे तर परमेश्वरले मासु पनि दिनुभयो ।

गन्ति ११:१८-२०,३१ [18] "अनि मानिसहरूलाई भन तिमीहरूले आफैलाई पवित्र बनाएर राख भोलि तिमीहरूले मासु खानेछौ। 'हामी मासु खान चाहन्छौ! हाम्रो लागि मिश्रमा नै राम्रो थियो।' भनी तिमीहरू रोएको परमप्रभुले सुन्नु भएको थियो। यसर्थ अब परमप्रभुले तिमीहरूलाई मासु दिनुहुनेछ र खान सक्ने छौ।

[19] तिमीहरूले एक दिन, अथवा दुई दिन, अथवा पाँच दिन मात्र होइन दश दिन अथवा बीस दिन भन्दा बढी मासु खानेछौ।
[20] तिमीहरूले महीना भरि मासु खाने छौ। तिमीहरूले मासु खाने छौ जब सम्म तिमीहरू यसको लागि बिमार हुनेछौ। तिमीहरूलाई यस्तो हुनेछ किनभने तिमीहरूले परमप्रभुको विरूद्ध आरोप लगायौ। परमप्रभु तिमीहरूको माझमा रहनुहुन्छ अनि तिमीहरूलाई के आवश्यक छ जान्नु हुन्छ। तर रोयौ अनि उहाँलाई आरोप लगायौ तिमीहरूले भन्यो हामी किन मिश्रमा सदा रहेनौ?"'
[31] परमप्रभुबाट बतास चल्न थाल्यो र समुद्रबाट बट्टाई चराहरू ल्याएर छाउनीको वरिपरि छरिदियो। यसरी ती बट्टाईहरू यति बिघ्न थिए कि तिनीहरू बाटोमा एकजना मानिसले दिन भरिमा हिडी सक्ने लम्बाईमा र जमीनदेखि तीन फुट बाक्लो थियो।
[32] तिनीहरूले दिन अनि रात भरि बट्टाई चरा बटुले अनि सब भन्दा कम्ती बटुल्नेले पनि पुग नपुग दश होमर बटुल्यो। मानिसहरूले घाममा मासु सुकाउन छाउनी वरिपरि फिंजाए।
मासु खानको लागी रातभरि बसे । खानको लागी हामी जे गर्न पनि तयार हुन्छौ तर परमेश्वरको बचन हामी आधा घ०टा पनि सुन्न सक्दैनौ ।

[34] यसकारण त्यस ठाँउको नाम किब्रोथ-हत्तावा राखियो किन भने तिनीहरू मासु खान धेरै लालची भएका थिए र हैंजाले तिनीहरू मरे।
[35] किब्रोथ-हत्तावाबाट हसेरोत तिर लागे जहाँ तिनीहरू बास बसे।

मासु खाएको सबै मान्छे मोरेनन् ।जो जसले अपबित्र तरिकाले खायो उनीहरु मरे । परमेश्वरले संसारको थोकहरु हामीलाइ उपयोग गर्न दिन्छ तर संसारको थोकलाइ अपबित्र तरिकाले हामी उपयोग गर्यौ भने हामी त्यो थोक को कारणले हामी मर्छौ । पबित्र गरेको हातमा संसारको थोक पाउदा थोकले मोर्दैन । मन्ना श्वर्गिय थोक हो मासु संसारीक थोक हो यी दुबै कुराहरु परमेश्वरले दिनुहुन्छ । परमेश्व्रको राज्य र उहाँको धार्मिकता पहिला खोज्नुपर्छ बाकी सबै थोक परमैश्वरले थपिदिनु हुन्छ परमेश्वर भन्नुहुन्छ । यदि हामी पबित्र गरिएका छौ भने र उहाँको राज्य खोजेका छौ भने संसारको थोकले हामी मर्दैनौ । परमेश्वरले भन्नुभयो तिमीहरु पबित्र होओ किनभने म पबित्र छु । पबित्र एकै चोटि हुदैन बिस्तारै बिस्तारै पबित्र हुदै जानु पर्छ । मनमा अलग हुनुपर्छ ।

प्रेरित ७:४८ [48] "तर मानिसको हातले बनाएको मन्दिरमा सर्वोच्च परमेश्वर बस्नु हुन्न। जस्तो अगमवक्ताले भन्छन्

परमेश्वर हातले बनाएको मीन्दरमा बस्नुहुन्न । उहाँ मान्छेको शरीरमा बास गर्नु हुन्छ ।

१कोरिन्थी ६:१९ [19] तिमीले बुझ्नु पर्छ कि तिम्रो शरीर पवित्र आत्माको मंदिर हो। पवित्र आत्माको मंदिर हो। पवित्र आत्मा तिमीभित्र छ। परमेश्वरबाट तिमीले त्यो पवित्र आत्मा पाएकाछौ यसकारण तिमी आफ्नो मालिक होइनौ।

परमेश्वर मान्छेको हातले बनाएको मन्दिरमा बास गर्नुहुन्न । पबित्र आत्मा जसले उद्धार पाएको छ उसको हृदयमा बास गर्नुहुन्छ । बास गर्ने मान्छेको अनुसार घर हुन्छ , परमेश्वरको आत्माको नाम पबित्र हो त्यसैले उहाँ पबित्र हुनुहुन्छ र हामी पबित्र भयौ भने हाम्रो हृदयमा बास बस्नुहुन्छ ।

व्यबस्था २३: १२-१४ [12] "तिमीहरूले छाउनी बाहिर यस्तो ठाउँ पनि बनाउनु पर्छ जहाँ तिमीहरू दिसा गर्न सएछौ।
[13] तिमीहरूले आफ्ना अरू हतियारसंगै एउटा खन्ती पनि राख्नु पर्छ र जब दिसा लाग्छ खाडल खन्नु पर्छ अनि दिसा गरी त्यसलाई पुर्नु पर्छ।
[14] किन? किनभने परमप्रभु तिमीहरूका परमेश्वर तिमीहरूको रक्षा गर्न अनि शत्रुहरूलाई तिमीहरूको नियन्त्रणमा ल्याउनलाई छाउनीभित्र बाहिर तिमीहरूसँगै हुनु हुनेछ। यसकारण छाउनी पवित्र राख्नु पर्छ। यदि परमप्रभुले केही कुरा घिनलाग्दो देख्नु भयो भने उहाँ तिमीहरूदेखि गईहाल्नु हुन्छ

मिश्र देशमा उनीहरुले जाहाँ पनि दिसा पिसाब गर्दथे । तर जब परमेश्वर उनीहरुको जीवनमा आउनु भयो । शौचालयको तालिम पनि परमेश्वरले दिनुभयो । कारण परमेश्वर छाउनीको भित्र बाहिर रक्षा गर्न परमेश्वर बस्नुहुन्थ्यो त्यसैले परमेश्वर पबित्र भएको कारण पबित्र राख्न जरुरी छ । अन्यजातिहरुले पनि उनीहरुको देवता प्रवेस गर्छ भनेर बिहान , बिहान उठेर घर बडालेर दैलो पोतेर साफ गर्ने गर्छन् । हाम्रो असल परमेश्वर भन्दैहुनुहुन्छ म तिमीहरु संग बास गर्न आउछु र तिमीहरुले सबै छाउनी सफा राख । तर नया नियम मा त पबित्र आत्मा भन्नुहुन्छ म तिमीहरुको हृदयको भित्र बास बस्न चाहन्छु त्यसैले तिमीहरुले आत्मा , प्राण , शरिर सबैलाई पबित्र गर्नुपर्छ । त्यसैले सफा बस्नु जरुरी छ । हामीले सानो सानो कुरालाई परमेश्वर संग जोड्यौ भने हाम्रो बिचार नै बदलिन्छ । परमेश्वरको यो बचन उद्धार पाएको ब्यक्तिको लागी हो उद्धार नपाएको मान्छेको लागी बचनमा केहि पनि लेखेको छैन । पबित्रकरण भएको मान्छेलाई सन्त बोलाइन्छ । त्यसैले परमेश्वरले आफ्ना छोरा छोरीहरुलाई शिक्षाको बाटो लिएर जानुहुन्छ ।

हिब्रु१२:९,१०[9]यस पृथ्वीमा, हामी सबैका आ-आफ्ना पिताहरू छन् जसले हामीलाई अनुशासित गर्छन्। अनि हामी उनीहरूको आदर गर्छौं नै। यसर्थ अझ बढी हामीले आफ्ना आत्मिक पिताको अनुशासन स्वीकार गर्नुपर्छ। यसो गरयौं भने हामीले जीवन पाउनेछौं। [10]हाम्रा संसारिक पिताहरूले हामीहरूलाई उनीहरूले उचित सम्झेको अनुशासनको निम्ति केही समयको लागि सजाय दिए। तर उहाँ जस्तै पवित्र हुनलाई हाम्रा आत्मिक पिताले हामीलाई अनुशासित गराउँनु हुन्छ।

हामीलाई परमेश्वरले किन? सजाए दिनुहुन्छ ,किनभने उहाामा पबित्रतामा अगाडि बड्नको लागी हो , ताकि हामी परमेश्वर संग सहभागी हुन सकौ । हाम्रो संसारको  गुरु, हाम्रो बाबा आमा , हामी ठुलो र हामी टाढा भए पछि उनीहरुले हामी लाई शिक्षा दिन छोड्छन् तर हाम्रो परमेश्वर हाम्रो जीवनको अन्तिम सम्म हामीलाई सिक्षा दिन कहिल्यै छोड्नु हुन्न । आमा बाबा को आफ्नो बच्चाहरु संग बस्ने संगति गर्ने ईच्छा हुन्छ । त्यसै गरी परमेश्वरको पनि हामी उहाँका जन अर्थात उहााका छोरा छोरीहरु संग समय बिताउन हामी संग बस्ने ईच्छा हुन्छ । परमेश्वरको बचनले भन्दछ पबित्रताको बिना हामी परमेश्वरलाई देख्न सक्दैनौ । परमेश्वरले हामीलाई पबित्रताको बाटो भएर लिएर जानुहुन्छ किनभने उहाँ संग भागिदार हुनको लागी । हामीले बचन पढ्दा खेरी तिन जगा छ। नया श्वर्ग ,नयाँ पृथ्वि ,नयाँ सहर , हामी काहाँ हुन्छौ ? नयाँ पृथ्वीमा पनि मान्छेहरु छन् । नयाँ सहरमा भएको मान्छेहरुको बारेमा मात्र लेखेको छ ,उहााको सेबकहरुले मात्र उहाँको मुहार हेर्छन् । किनकी उनीहरुले पबित्रताको बाटोमा चलेर सिद्धतामा पुगेको कारणले उनीहरुले उहााको मुहार हेर्छन् । उनीहरुको बाबाको नाम उनीहरुको निधारमा छ । उनहिरु उहाँ संगै सदासर्बदा शासन गर्छन् । नयाँ पृथ्वीमा भएको मान्छेहरुको बारेमा त्यो लेखेको छैन । यदि यो ईच्छा छैन भने यो जीवनमा हामी दुख उठाउनको लागी तयार हुदैनौ र अराम खोज्दैनौ ।  परमेश्वर बिना आराम खोज्दैनौ । भजन संग्रह २३ अध्यायमा यसरी भन्दछ अन्धकारको घाटीमा भएर हिड्नु परेता पनि म कोहि संग डराउने छैन किनकी तपाई मेरो लठ्ठी र लौरो हुनुहुन्छ । डरलाग्दो समयमा पनि म सुरक्षीत छु किनकी मेरो साथमा परमेश्वरको सुरक्षा छ । परमेश्वर सुरक्षा प्रधान गर्नुहुन्छ तर संसारीक सुरक्षा होईन तर परमेश्वर म संग भएको कारणले पाएको आत्मिक सुरक्षा हो । परमेश्वरमा पुर्ण रुपमा आराम र आनन्द छ ।

१थिसलोनीकी  ४:३,४[3]परमेश्वर चाहनु हुन्छ तिमीहरू पवित्र जीवन बिताऊ अनि व्यभिचारबाट टाढो बस।
[4]परमेश्वर इच्छा गर्नुहुन्छ कि तिमीहरूले आफ्नो शरीष्ठ्वर नियंत्रणमा राख्न सिकेको हुनुपर्छ। परमेश्वरलाई सम्मान गर्न तिमीहरूले शरीर पवित्र राख।

यो शरीरमा प्राण आत्मा सबै यो शरीरमा छ । यो शरीर हो मेरो भाडो परमेश्वरलाई यो शरीर पनि चाहियो किनकी यहि शरीर भित्र हो आत्मा र प्राण बस्ने शरीर छैन भने प्राण र आत्मा दुबै हुदैन हाम्रो शरीर हो भाडो त्यसैले सबैभन्दा पहिला यो शरीरलाई सफा राख्नुपर्छ । शरीर जाहाँ जाहाँ जान्छ प्राण र आत्मा पनि उतै उतै जान्छ । शरिरको बिना प्राणले केहि पनि गर्न सक्दैन । एउटा ब्यक्ति आत्मा र बचन द्वारा उसको उद्धार हुदाखेरी पबित्र आत्मा उसको आत्मामा आउनुहुन्छ ।

१ कोरिन्थी ६:१६   [17]तर जो प्रभुसित जोडिन्छ त्यो मानिस आत्मामा प्रभु सितै एक बन्दछ।

 जब परमेश्वरको आत्मा संग जोडे पछि हम्रो आत्मा र परमेश्वरको आत्मा संग एउटै हुन्छ । परमेश्वरको आत्माले छोड्यो भने पबित्र हुन सक्दै सक्दैन । धर्मको पबित्र करण हुन सक्छ बाहिर मात्र तर भित्र हुन सक्दैन । पबित्रकरण हुने भनेकै पबित्र आत्माको काम हो । जब परमेश्वरको आत्मा म काहा आउनुहुन्छ मेरो आत्मा संग एक हुन्छ । शारीरिक रुपमा एक पुरुष र स्त्री मिलेपछि एक भएको जस्तै हुन्छ हाम्रो आत्मा र परमेश्वरको आत्मा मिलेपछि ,

२ थिसलोनीकि २:१३ [13]दाज्यू-भाइहरू अनि दिदी-बहिनीहरू! प्रभुले तिमीहरूलाई माया गर्नु हुन्छ। तिमीहरूको मुक्तिको लागि परमेश्वरले शुरूदेखि नै तिमीहरूलाई छान्नुभएको हो। यसैले तिमीहरूकालागि हामी परमेश्वरलाई सधैं धन्यवाद दिन्छौं। आत्माद्वारा पवित्र बनेर अनि सत्यमा विश्वासी बनेर तिमीहरू बाँचेका छौ।

पबित्र आत्मा को काम पबित्र तुल्याउने हो त्यसको लागी परमेश्वरले हामीलाई सुरु देखि नै चुन्नुभएको हो । जस जसले उद्धार पाउछन् परमेश्वरले तिनीहरुलाई पहिला देखिनै चुन्नुभएको थियो ।

१पत्रुस १:२[2]परमेश्वरले तिमीहरुलाई पवित्र मानिस बनाउनु भएको थियो। तिमीहरुलाई पवित्र तुल्याउने कार्य आत्माको हो। परमेश्वरको आज्ञाकारी र येशू ख्रीष्टको रगतले अभिषेक गरी शुद्ध पार्न तिमीहरु पुर्व ज्ञान द्वारा चुनिएका थियै। परमेश्वरको अनुग्रह तिमीहरुमा अधिक भन्दा अधिक बढेर जावोस्।जिउँदो आशा

पुर्व ज्ञान द्वारा परमेश्वरले चुन्नुभएको थियो ।

गलाती १:१५ [15]तर म जन्मनु भन्दा अघि नै परमेश्वरले मेरो लागि यो योजना बनाएका रहेछन्। यसकारण उनले उनको अनुग्रहले मलाई बोलाए।

दमसकसको बाटोमा येशुले पावललाई भेट्नु भयो । तर वास्तबमा परमेश्वरको पुर्व ज्ञानले पावललाई पावलको आमाको गर्भ देखिनै पावलाई अलग अर्थात उहाको लागी चुन्नुभएको थियो ।

यर्मिया १:५ [5]"मैले तिमीलाई तिम्रो आमाको गर्भमा गर्भधारण गर्नुभन्दा अघिबाटै चिन्थें। तिमी जन्मनु अघिनै, म तिमीलाई जान्दथें। मैले तिमीलाई जाति-जातिहरूमा विशेष काम गराउनु अगमवक्ताको लागि रोजे।"

तिमी जन्मनु भन्दा अघि नै भनेको अर्थ हामी संसारको मान्छेहरु जस्तो होईन परमेश्वरको पुर्व ज्ञान अनुसार हामीलाई अलग गरेको कारणले परमेश्वरले हाम्रो जीवनको बाटो अलग गरेको छ एक दिन हाम्रो मिलन परमेश्वर संग हुन्छ । परमेश्वरले पवललाई उसको आमाको गर्भ बाटै उसलाई अलग गर्नुभयो जसको कारणले गर्दा पावललाई दमसकसको बाटोमा उसलाई भेट्नुभयो । हाम्रो जीवनमा उद्धारको अगाडी भएको सबै कुराहरुमा परमेश्वरको योजना थियो । हाम्रो जीवनमा हामीलाई पबित्र करण गर्ने ५ कुराहरु छन् पहिलो पबित्र आत्मा , दास्रो परमेश्वरको बचन, तेस्रो बिस्वास , चौथो येशुको रगत र पाचौ परमेश्वरको बेदि यि सबै कुरा मिलेर हामीलाई पबित्रकरण गर्छन् । पबित्र आत्मा छैन भने परमेश्वरको बचनले मात्र र येशुको रगतले मात्र पबित्रकरण गर्न सक्दैन । पबित्र आत्मा छैन भने बेदिले मात्र पबित्रकरण गर्न सक्दैन पबित्र आत्मा छैन भने बिश्वास पनि आउदैन बिश्वास आउनको लागी पबित्र आत्मा आउनु पर्छ । त्यसैले पहिला पबित्र आत्मा हो महत्वपुर्ण । जब संसार परमेश्वरले बनाउदै हुनुहुन्थ्यो संसार अन्धकार थियो र परमेश्वरको आत्मा पानी माथी घुमिरहन्थ्यो । पिता ,पबित्र आत्मा अनी पुत्र उत्पति १ अध्याए अनुसार पबित्र आत्मा बचन द्वारा सृष्टि गर्नुभयो । पबित्र आत्मा असल बचन खोज्नुहुन्छ ।

यहुन्ना १७:१७ [17]तपाईको सत्यद्वारा तिनीहरूलाई आफ्नो सेवामा राख्न तयार पार्नुहोस्। तपाईको वचन सत्य हो ।

पबित्र आत्मा हर म०डलिमा सत्यता खोज्नुहुन्छ ।

एफिसि ५:२५-२६[25]पतिहरू हो, आफ्ना पत्नीलाई प्रेम गर जस्तो ख्रीष्टले मण्डलीलाई प्रेम गर्नु भयो। ख्रीष्टले मण्डलीको निम्ति प्राण दिनुभयो। [26]मण्डलीलाई पवित्र बनाउनु उहाँले आफ्नो प्राण बलि दिनुभयो। मण्डलीलाई पानीले धोएर शुद्ध पार्न ख्रीष्टले सुसमाचार प्रयोग गर्नुभयो।

पानीले बचन द्वारा पबित्र पार्नुभयो । यसमा पति येशु हुनुहुन्छ र म०डलि पत्नी हो । म०डलीलाई पबित्र आत्माले बचन द्वारा शुद्ध पार्नुहुन्छ । येशु संग चेलाहरु हिडेको अन्तिम दिन

यहुन्ना १५:३[3]मेरो उपदेशको कारणले गर्दा तिमीहरू पहिल्यै शुद्ध भइसकेकाछौ।

परमेश्वरको बचनले हाम्रो जीबनमा पानी जस्तै काम गर्छ । त्यसैले म०डली तिरन्तर जानु जरुरी छ ताकी बचन सुनेर सुनेर पबित्र आत्माले बचन द्वारा हाम्रो जीबनमा भएको सबै असुद्धतालाई धोएर पखाल्ने काम गर्छ । हाम्रो जीबनमा आत्मिक रुपमा दुईवटा तरिकाले शब्द आउछ एउटा बचन द्वारा अर्को गित द्वारा येशुको अन्तिम समयमा निस्तार चाडको पछि येशुले सबै चेलाहरुको खुट्टा धुदै गर्दा पत्रुसको खुट्टा धुन लाग्दा पत्रुसले येशुलाई पत्रुसको खुट्टा दिनलाई ईन्कार गरे त्यसपछि येशुले पत्रुसलाई यदि तिमीले मलाई तिम्रो खुट्टा धुन दिएनौ भने तिमी मेरो भाग हुदैनौ अनी पत्रुसले भने मलाई नुहाईदिनुस् त्यसपछि येशुले भन्नुभयो नुहाउन एकै चोटि मात्र जरुरी छ त्यो अहिले प्रदैन अहिले तिमी बुझ्दैनौ पछि बुझ्ने छौ अहिलेलाई खुट्टा धुन जरुरी छ । त्यसको अर्थ हो मिश्र देश बाट निक्लेर लाल समुद्रमा एक चोटि बप्तिसमा लियो त्यसकारणले गर्दा हामी संसारमा छौ संसार मा जानै पर्छ गएर फर्केर आएपछि यो संसारमा पहिला मेरो खुट्टाले संसार छुन्छ  त्यसैले फोहोर हाम्रो खुट्टा हुन्छ त्यसैले पहिला हामीले खुट्टा धुनु पर्छ । त्यसैले यहुशु संग परमेश्व्रले मेरो उपस्थीति त संग आएको छ त्यसैले यो संसार देखि आएको जुत्ता निकाल भन्नुहुन्छ । यसरी दिन दिनै पबित्र आत्माले परमेश्वरको बचन द्वारा हामीलाई शुद्ध पार्नुहुन्छ जसको कारणले गर्दा यो संसारको लागि मात्र नभईकन माथी पनि परमेश्वरले भन्नुहुन्छ स्याबास मेरो असल र ईमान्दारी सेबक । तिमी एउटा आदरको पात्र भयौ । परमेश्वर संग जोडिनको लागी पबित्र आत्माको अभिशेकमा परमेश्वरको बचन सुनेर सुनेर दिन दिनै आफुलाई शुद्ध पार्दै लैजानु पर्छ । याकुब ४:४ अनुसार संसार संगको मित्रता परमेश्वर संगको सत्रुता हो । त्यसकारणले इजरायलीहरुलाई पबित्र गर्नको लागि परमेश्वरले इजरायलीहरुलाई मिश्र देश देखि अलग गर्नुभयो । म०डली येशुको दुलहिको रुप हो र येशु म०डलीको दुलहा त्यसैले जब येशु आफ्नो दुलहि लिन यस संसारमा आउनुहुन्छ त्यति खेर उहाँ आफ्नो दुलही पबित्र हेर्न चाहनुहुन्छ बिवाहको उदेस्यनै आफ्नो पुरानो रिस्ता छोड्नु र आफ्नो दुलहा संग जोडिनु हो । त्यसैले हामी पनि संसार र संसारका थोकहरुलाई छोडेर हाम्रो दुलहा येशु संग जोडिनु हो । त्यस्तो दुलहिलाई येशुले हृदय देखि मन पराउनु हुन्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु म०डलिको भित्र तपाईको शरिरको निम्ति तपाइको पबित्रकरणको यो बचन मान्न जरुरी छ । जीवनको अन्त सम्म तपाई हाम्रो आत्मा , हाम्रो प्राण , हाम्रो शरिर येशु मशिहको दोस्रो आगमण नहुन्जेल सम्म हामीलाई चोखो पार्नुहोस् । त्यसको निम्ति हाम्रो यो शरिर हरदिन जीबित बलिदान को निम्ति परमेश्वरको अगाडि समर्पण गर्नुपर्छ । अनि हाम्ो प्राणँ र हाम्रो हर मनको बिचारहरु बदलिन्छ । परमेश्वरको असल ग्रहण योग्य र सिद्ध ईच्छा के हो हामीलाई थाहाँ हुन्छ । त्यो बाटोमा हामिलाई चल्नको लागि र तपाईको पबित्रतामा हामि पनि भागीदार हुन सकौ र तपाईको हर उदेश्य हाम्रो जिवनमा पुरा हुन हामिलाई सहायता गर्नुस् प्रभु धन्यबाद , धन्यबाद, धन्यबाद हामि सबैलाई प्राणमा सान्ति शरिरमा चगाँई दिनुस् प्रभु हाम्रो सुरक्षा र हाम्रो आराम तपाईमा नै छ प्रभु धन्यबाद ,धन्यबाद , धन्यबाद यो प्रार्थना येशु मशिहको नाममा माग्दछु आमेन ।*